नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# २

९ असार २०७७

# दैनिक विपद् बुलेटिन

८ असार बिहान १०:०० बजे देखी ९ असार बिहान १०:०० बजे सम्म

जेठ ३१ गतेबाट सुरु भएको मनसुनसँगै विपदका घट्नाहरु बढ्न थालेका छन् । अहिले प्रदेश ५, गण्डकी र बागमती प्रदेशमा मनसुन बढी सक्रिय भएको छ । मनसुन सक्रिय भएका स्थानमा नै बाढी पहिरोका घट्नाहरु बढी भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | ० | १० | ४ | ३,०३,००० | ० | १३ |

## घट्ना सारांश

- गएको २४ घण्टामा विपद्का १० वटा घट्नाहरु भएका छन् । **पाल्पा** जिल्लामा ४ र लमजुङ जिल्लामा १ गरी ५ स्थानमा **पहिरो** गएको छ ।
- तानसेन नगरपालिका वडा नं ११ सम्मोबारी स्थित पाल्पा गुल्मी सडक खण्डमा गएको पहिरोले चार वटा सवारी साधन बगाउँदा ३ जनाको मृत्यू हुनाका साथै १ जना घाइते भएका छन् ।
- यसैगरी सप्तरी जिल्लाको १ स्थानमा परेको **चटयाङ** लागेर ४ जना घाईते भएका छन् । संखुवासभा, सप्तरी, काठमाण्डौ र कास्की जिल्लामा गरी ४ स्थानमा **आगलागी** भएको छ । यी विपद्का घटनाबाट अनुमानित ३,०३,०००/- रुपैंया बराबर क्षति भएको छ ।



*तस्वीरः अनु खनाल*

तानसेन न.पा. वडा नं. ११ सम्मोबारी स्थित पाल्पा गुल्मी सडक खण्डमा



*तस्वीरः अनु खनाल*

तानसेन न.पा. वडा नं. ११ सम्मोबारी स्थित पाल्पा गुल्मी सडक खण्डमा










थप जानकारीको लागिः [https://bipad.gov.np/incidents](https://bipad.gov.np/incidents)

## प्रतिकार्यः

- तराईका डुबान हुने स्थानहरुलाई मध्यनजर गर्दै कपिलवस्तु, नवलपरासी पश्चिम, बारा, सप्तरी, सिरहा, रौतहट, बर्दियाका जिल्ला प्रशासन कार्यालयहरुमा पुग्ने गरी १४ वटा मोटरबोट (Motor Boat) पठाईएको छ ।
- आज भएको विपद्का घट्नास्थलहरुमा सुरक्षा निकायबाट उद्धार कार्य भएको । घाइतेहरुको उपचारका लागि सम्बन्धित स्थानीय स्वास्थ्य सेवा केन्द्रमा लगिएको छ ।

## पूर्वानुमानः

असार ९ मंगलबार

- कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरु साथै कन्काई, कमला, बागमती, पश्चिम राप्ती र बबई नदीहरुमा बहाव सामान्य बढ्ने तर सबैमा सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । कन्काई, बागमती, पश्चिम राप्ती र बबईका केही स-साना सहायक नदीहरुमा बहाव सतर्कता तह आसपास सम्म पनि पुग्न सक्ने पूर्वानुमान छ ।
- इलाम, झापा मोरङ, सुनसरी, धनकुटा, सप्तरी, सिराहा, धनुषा, उदयपुर, सिन्धुली, मकवानपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, रसुवा, नुवाकोट, काठमाण्डौ उपत्यका, धादिङ, चितवन, तनहुँ, कास्की, स्याङ्जा, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान, दाङ, बाँके, सल्यान, सुखेत, कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा र आसपास जिल्ला भई बहने स-साना खोलाहरुमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपाससम्म पुग्न सक्ने सम्भावना रहेको छ ।

थप जानकारीका लागिः https://bit.ly/2YYQOQV

# अनुसूची-१

## १) विपद्का घट्नाबाट भएको संक्षिप्त क्षति विवरण

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| २०७७-०३-०८ देखी २०७७-०३-०९ सम्म | पहिरो, आगलागी, चटयाङ्ग | १० | ३ | ० | ४ | १८ | २ | १ | ३ | १३ | ३०३००० |

## २) जिल्ला अनुसारको क्षतिको विवरण

| सि.नं. | जिल्ला | घटना संख्या | मृत्यु * | | | | वेपत्ता * | घाईते * | | | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | पहिचान नभएको | जम्मा | | पुरुष | महिला | जम्मा | | आंशिक | पूर्ण | | | |
| १ | संखुवासभा | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ७०००० |
| २ | सप्तरी | २ | ० | ० | ० | ० | ० | २ | २ | ४ | ५ | ० | १ | ० | १ | २३३००० |
| ३ | काठमाण्डौ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ | ० | ० | ० | ० |
| ४ | लमजुङ्ग | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | कास्की | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | ० |
| ६ | पाल्पा | ४ | ० | ३ | ० | ३ | ० | ० | ० | ० | ८ | ० | ० | २ | १२ | ० |

* मृत्यु, वेपत्ता तथा घाईतेको विवरण स्रोत नेपाल प्रहरी

# नवलपरासी र रुकुमको हकमा २०७४-०७-०९ भन्दा अगाडीको विवरणमा पुरानो संरचना तथा नयां दुबै रहने